**२०७८ साल श्रावण २८ गते विहिवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं. ५ प्रदेश सरकार (कार्य सम्पादन) (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** माननीय मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा अम्मर बहादुर डाँगी (दाङ) लाई नियुक्ति गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश सरकारको प्रवक्तामा आर्थिक मामिला तथा योजना मन्त्री श्री कृष्णध्वज खड्कालाई तोक्ने।

४. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** कोभिड-१९ का बिरामीको तत्काल उद्धार गर्न हटलाईन र सवारी साधन (एम्बुलेन्स) को व्यवस्था गर्ने र सोको लागि आवश्यक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले व्यवस्था गर्ने ।

५. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** कोरोना प्रभावित क्षेत्रमा घुम्ती शिविरमार्फत एन्टिजेन परीक्षणको व्यवस्था गरी कोभिड प्रभावितको उद्धार र उपचार गर्ने र सोको लागि आवश्यक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले व्यवस्था गर्ने।

६. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** कोभिड -१९ विरुद्धको खोप वितरण प्रणालीलाई प्रभावकारी बनाई प्रदेशवासी जनतालाई खोपको सुनिश्चितता गर्न विशेष व्यवस्था गर्ने र सोको लागि आवश्यक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने।

७. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** क्यान्सर, किड्नी फेर्ने र मुटुको भल्भ फेर्ने बिरामीहरुलाई उपचारका लागि हाल पाइरहेको सुविधाका अतिरिक्त प्रदेश सरकारका तर्फबाट थप दुई लाख रुपैंयाका दरले उपलब्ध गराउने र सोको लागि आवश्यक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराउने।

८. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** मातृ मृत्युदर कम गर्न लुम्बिनी प्रदेशका स्थानीय तहहरुको मागका आधारमा एउटा पोर्टेबल अल्ट्रासाउण्ड मेसिनसहित तालिम प्राप्त नर्स उपलब्ध गराउने र सोको लागि आवश्यक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराउने।